# सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा सञ्चालन) कार्यविधि, २०७८

आन्तरिक मामिला ... न्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा सञ्चालन) कार्यविधि, २०७८

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
**२०७८।१२।२१**

**प्रस्तावनाः** प्रदेश सरकार अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालयहरुबाट लिइने सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल छनोट तथा सञ्चालनमा एकरुपता कायम गर्दै परीक्षा प्रणालीलाई नवीनतम प्रविधिसँग आवद्धता गरी गुणस्तरीय, प्रतिस्पर्धी, व्यवस्थित, मर्यादित, र सेवाग्राहीमैत्री बनाउन आवश्यक भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा सञ्चालन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यमा खटिने सरकारी कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेको सवारी चालक अनुमतिपत्र प्रदान गर्ने यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) "चालक अनुमतिपत्र" भन्नाले ऐन बमोजिम प्रदान गरिने सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(ङ) "परीक्षण सहजकर्ता" भन्नाले परीक्षा सञ्चालनका क्रममा परीक्षा स्थलमा अनुत्तीर्ण भएका परीक्षार्थीले चलाएको सवारी साधन पार्किङ्ग स्थलसम्म ल्याउनको लागि सेवाप्रदायकबाट व्यवस्था गरिएको कर्मचारीलाई सम्झनु पर्छ।

(च) "परीक्षा" भन्नाले सवारी चालक अनुमतिपत्रको लागि लिइने लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(झ) "सेवा प्रदायक" भन्नाले प्रयोगात्मक परीक्षा स्थल र परीक्षाका लागि आवश्यक सवारी साधन उपलब्ध गराउने प्रचलित कानून बमोजिम दर्ता भएको व्यक्ति, कम्पनी, संस्था, फर्म लाई सम्झनु पर्छ।

(ञ) "स्वचालित प्रणाली" भन्नाले नवीनतम प्रविधिहरू सिसिटिभि, जीपिएस तथा सेन्सरयुक्त उपकरणहरुको प्रयोग गरी सोही उपकरण मार्फत प्रयोगात्मक परीक्षाको अनुगमन तथा निरीक्षण गर्ने संयन्त्रलाई सम्झनु पर्छ।

३. **अतिरिक्त प्रयोगात्मक परीक्षा स्थलको छनोटः** (१) प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यकताका आधारमा हाल सञ्चालनमा रहेको प्रयोगात्मक परीक्षा स्थलका अतिरिक्त कार्यालयले थप प्रयोगात्मक परीक्षास्थल छनोट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) मन्त्रालयले प्रयोगात्मक परीक्षा स्थलमा स्वचालित प्रणाली लागू गर्न प्रोत्साहित गर्नेछ। यसको सम्भाव्यता सम्बन्धमा यातायात विज्ञ र सूचना प्रविधि विज्ञ सम्मिलित कार्यटोलीबाट अध्ययन गराई प्राप्त प्रतिवेदनका आधारमा नमुना रुपमा कार्यान्वयनमा ल्याउन सक्नेछ ।

४. **सूचना प्रकाशनः** कार्यालयले दफा ३ बमोजिम अतिरिक्त परीक्षा स्थल छनोटका लागि पन्ध्र दिनको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

५. **मूल्याङ्कन आधार एवं छनोटः** (१) कार्यालयले दफा ४ बमोजिमको सूचना प्रकाशन गर्ने प्रयोजनको लागि यस कार्यविधिमा उल्लेख गरे देखि बाहेक प्राविधिक प्रस्तावको लागि आवश्यक पर्ने अन्य सर्तहरू कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली अनुरूप हुने गरी निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा प्रस्तावकले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुटाछुटै सिलवन्दी गरी कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल प्रस्तावकहरुको आर्थिक प्रस्ताव खोलिने छ।

(४) आर्थिक प्रस्ताव पेश गर्दा प्रस्तावकले सवारी साधन र परीक्षा स्थल प्रयोग बापत लिने प्रति सेवाग्राही शुल्क अनुसूची मा नबढ्ने गरी एकमुष्ठ रुपमा घटाघटमा कबोल गरी अङ्क र अक्षरमा खुलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको आर्थिक प्रस्तावको मूल्याङ्कन गरी छनोट गर्दा सबैभन्दा कम रकम कबोल गर्ने प्रस्ताव छनोट गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) यस प्रदेशभित्र कुनै एक कार्यालयको परीक्षा सञ्चालनको स्वीकृति पाइसकेका सेवा प्रदायकले अर्को कार्यालयको परीक्षा सञ्चालनका लागि सोही स्थान र सोही सवारी साधन प्रयोग हुने गरी प्रस्ताव पेश गर्न पाउने छैन।

(७) सेवा प्रदायकले प्रयोगात्मक परीक्षा स्थल उपलव्ध गराउदा लिखित परीक्षाका लागि सिसिटिभि सहितको कम्तीमा एक पटकमा एक सय जना परीक्षार्थी क्षमताको परीक्षा हल उपलव्ध गराउनु पर्नेछ।

(८) प्रयोगात्मक परीक्षा स्थलमा आवश्यक भौतिक पूर्वाधार र परीक्षण सहजकर्ताको व्यवस्था सेवा प्रदायक आफैंले गर्नु पर्नेछ।

(९) परीक्षा स्थलमा कम्तीमा मूल्यसूची सहितको चमेना गृह, खानेपानी, पर्याप्त अपाङ्गमैत्री तथा लैङ्गिकतामैत्री शौचालय, अग्नी नियन्त्रक संयन्त्र, प्राथमिक स्वास्थ्य सामग्री, सेवाग्राही प्रतिक्षालय, पार्किङ्ग र उत्तीर्ण भएका परीक्षार्थीहरुलाई सडक सुरक्षासँग सम्बन्धित सचेतना अभिवृद्धि कक्षा सञ्चालन कक्षको व्यवस्था हुनु पर्नेछ।

(१०) सेवा प्रदायकले प्रस्ताव पेश गर्दा देहायको कागजात साथै राखी पेश गर्नु पर्नेछः-

(क) फर्म/कम्पनी/संस्था दर्ता अद्यावधिक प्रमाणपत्र,

(ख) पछिल्लो आ.व. को कर चुक्ता,

(ग) निर्धारित सवारीको लागि परीक्षण स्थलको अनुमतिपत्र,

(घ) फौजदारी अभियोग पुष्टी नभएको व्यहोराको स्वघोषणापत्र,

(ङ) कार्यालयले तोकेका अन्य शर्त ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६. **<u>परीक्षा स्थलमा प्रयोग हुने सवारी साधनको मापदण्डः</u>** प्रयोगात्मक परीक्षा स्थलमा प्रयोग हुने सवारी साधनहरु देहाय बमोजिम हुनु पर्नेछः-

(क) मिनी बस, मिनी ट्रक, बस, ट्रक, लहरी, र हेभी इक्युपमेन्ट बाहेकको हकमा सात वर्ष भन्दा पुराना सवारीसाधनहरु प्रयोगात्मक परीक्षामा प्रयोग गर्न पाइने छैन।

(ख) मोटरसाइकल, स्कुटर वा मोपेडको हकमा देहाय बमोजिमको हुनु पर्नेछः-

(१) पेट्रोलबाट चल्ने,

(२) इन्जिनको विस्थापन आयतन कम्तीमा ९५ सी.सी. भएको,

(३) व्हील वेस कम्तीमा १२०० मि.मि.भएको,

(४) मोटरसाइकलको हकमा म्यानुअल ट्रान्समिसन प्रणाली भएको,

(५) सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,

(६) सवारी दर्ता प्रमाण पत्र अद्यावधिक भएको,

(७) बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बीमा भएको।

(ग) सवारी साधन कार, जिप वा भ्यान निम्नानुसारको हुनु पर्नेछ।

(१) पेट्रोल, डिजेल वा ग्याँसबाट चल्ने,

(२) इन्जिनको विस्थापन आयतन कम्तीमा ७५० सी.सी. भएको,

(३) व्हील वेस कम्तीमा २३०० मि.मि. भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः ३३०० मि.मि.,१४५० मि.मि. र १४५० मि.मि. भएको,

(५) म्यानुअल ट्रान्समिसन प्रणाली भएको,

(६) सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,

(७) सवारी दर्ता प्रमाण पत्र अद्यावधिक भएको,

(८) बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बीमा भएको।

७. **<u>सेवा प्रदायकको जिम्मेवारी हुनेः</u>** यस कार्यविधि बमोजिम छनोट भई सम्झौता हुने सेवा प्रदायकले यस कार्यविधिको अन्य दफामा उल्लेख गरेकोमा बाहेक देहाय बमोजिमको जिम्मेवारी पुरा गर्नु निजको कर्तव्य हुनेछः-

(क) सवारी साधनको हकमा जुन वर्गको लागि प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्ने हो सोही वर्गको सवारी साधन सेवा प्रदायकले उपलब्ध गराउनु पर्नेछ।

(ख) अपाङ्गता भएका परीक्षार्थीहरुका हकमा कार्यालयसँग आवश्यक समन्वय गरी अपाङ्गमैत्री सवारी साधन (दुई पाङ्ग्रे सवारीका हकमा) उपलव्ध गराउनु पर्ने।

(ग) ट्रायल सेन्टरमा तोकिएको परीक्षा समय कम्तीमा १ घण्टा अघि पछि कुनै पनि सवारी साधन प्रयोग गर्न नदिने।

(घ) सेवाप्रदायले ट्रायल सेन्टरमा प्रवेश गर्नु पूर्व तोकिएको शुल्क उल्लेख भएको कर बीजक सेवाग्राहीलाई दिनु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) कार्यालयसँग सम्झौता भई लागु भएको मूल्य सूची सबैले देख्ने स्थलमा राख्नु पर्ने ।

८. **मूल्याङ्कन समितिः** (१) प्राविधिक प्रस्तावमा पेश भए बमोजिमको मापदण्डको मूल्याङ्कन गर्नका लागि कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिमको एक मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(२) मूल्याङ्कन समितिले प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी प्राविधिक मूल्याङ्कनमा सफल भएका र कम बोलकबोल गर्ने प्रस्तावलाई छनोटका लागि सिफारिस गर्नु पर्नेछ।

९. **सम्झौताको अवधि र नवीकरणः** (१) प्रयोगात्मक परीक्षा सञ्चालनमा प्रयोग हुने परीक्षा स्थल र सवारी साधनको सम्झौता अवधि अधिकतम पाँच वर्षको हुनेछ। यसरी सम्झौता भएका सेवा प्रदायकको परीक्षण अवधि तीन महिनाको हुनेछ। सम्झौता अवधिभर सेवा प्रदायकको सेवा सन्तोषजनक भएमा कार्यालयले अधिकतम एक अवधि थप गर्न सक्नेछ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भए तापनि प्रदेश सरकारको आफ्नै प्रयोगात्मक परीक्षा स्थल उपलव्ध भएको अवस्थामा सेवा प्रदायक र कार्यालय वीचको सम्झौता नवीकरण वा म्याद थप गरिने छैन।

(३) सम्झौता भएको जुनसुकै सेवाप्रदायक कानून बमोजिम फौजदारी अभियोगमा कसुरदार ठहरिएको पाइएमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द हुनेछ।

१०. **प्रयोगात्मक परीक्षा स्थलको दूरी र समयः** सम्बन्धित कार्यालय र प्रयोगात्मक परीक्षास्थल बिचको दुरी र समयका सन्दर्भमा कार्यालयले सूचना प्रकाशन गर्दा तोके बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

११. **मापदण्ड संशोधन तथा परिमार्जनः** नेपाल सरकार वा प्रदेश सरकारबाट प्रयोगात्मक परीक्षा सम्वन्धी मापदण्ड संशोधन तथा परिमार्जन भएमा सेवा प्रदायकले एक महिनाभित्रमा सो परिमार्जित मापदण्ड अनुसारको प्रयोगात्मक परीक्षास्थल बनाउनु पर्नेछ।

१२. **सर्त उलङ्घन भएमा सम्झौता रद्द हुनेः** (१) यस कार्यविधिमा लेखिएका सेवा प्रदायकको लागि उल्लेख भएका विषय स्वतः सर्तका रुपमा लागु हुनेछ। यस्तो शर्त दफा ४ बमोजिमको सूचना प्रकाशन गर्दा र सम्झौता गर्दा सम्झौता पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(२) कार्यालय र सेवाप्रदायक बीच भएको सम्झौताका शर्तहरू सेवाप्रदायकले पहिलो पटक उलङ्घन गरेमा लिखित रुपमा सचेत गराउने र पुनः अर्को पटक उलङ्घन गरेमा कार्यालयले त्यस्तो सम्झौता रद्द गर्न सक्नेछ।

१३. **अन्य व्यवस्थाः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ र “सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४” बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा स्थलको लागि प्रति सेवाग्राही लिने शुल्कको लागि प्रस्ताव गर्न पाउने अधिकतम सीमा**

| क्र.स. | सवारी विवरण | औषत (भ्याट सहित) रु. |
|---|---|---|
| १. | मोटरसाइकल/स्कुटर/मोपेड | २३८।६२ |
| २. | कार/जिप/डेलिभरी भ्यान | ४०९।६० |
| ३. | टेम्पो/अटोरिक्सा | ४०१।५० |
| ४. | मिनीबस/मिनी ट्रक | ५६२।०० |
| ५. | बस/ट्रक/लहरी | ५६२।०० |
| ६. | ट्र्याक्टर | ५५०।०० |

नोटः हेभी इक्युपमेन्ट सवारी साधनको प्रयोगात्मक परीक्षामा प्रति सेवाग्राही लिइने शुल्कको विषयमा कार्यालयले सूचना प्रकाशन गर्नु पूर्व निर्णय गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश